महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## वित्थडचिर गाउँपालिका

बझाङ





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## वित्थडचिर गाउँपालिका

बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## वित्थडचिर गाउँपालिका

बझाङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ५५४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बित्थडचिर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले बित्थडचिर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ६१ लाख ९४ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २४ लाख ४९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८ लाख १५ हजार, नियमित गर्नुपर्ने रु ३ करोड २ लाख ६० हजार र पेश्की रू. २६ लाख ७० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ९ करोड ९३ लाख ३१ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फस्यौंट भएको र यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १४ करोड ५१ लाख ७२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभुतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## बित्थडचिर गाउँपालिका, बझाङ

# १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५९ | ८७ | ४६१९४ | ० | ० | ० | ५९ | ८७ | ४६१९४ | २४४९ | ३०२६० | १०८१५ | ० | ० | ४१०७५ | २६७० |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तह र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्योंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| बित्थडचिर गाउँपालिका, बझाङ | ९९३३१ | ० | ३५३ | ९८९७८ | ० | ४६१९४ | १४५१७२ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : वित्थडचिर गाउँपालिका, बझाङ , बिथादचिर गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रमेश बहादुर बिष्ट | २०७८-१०-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रामचन्द्र धामी | २०७७-१२-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४६,१९४,३५९.२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,०४,२१,४२७.६४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,२२,९९,००० | **चालु खर्च** | २७,९२,०९,२७७.६८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७८,५९,००० | **पूँजीगत खर्च** | १०,९२,८९,४९०.०६ |
| **राजश्व बाँडफाँट** | ६,०९,६२,४८१.७९ | **वित्तीय/अन्य व्यवस्था** | १३,६८,७४,८३३.१६ |
| **आन्तरिक आय** | २१,३२,६३४ | | |
| **अन्य आय** | ११,२०,६४,९३४.७ | | |
| **कुल आय** | ५२,५३,१८,०५०.४९ | **कुल खर्च** | ५२,५३,७३,६००.९ |
| **बाँकी मौज्दात** | | २,०३,६५,८७७.२३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ ।यस गाउँपालिका अन्तर्गत ०९ वडा, ४९ सभा सदस्य, ८६.१३ वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार १५४ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **लेखापरीक्षणको क्रममा असुली**- दैनिक भ्रमण भत्ता भुक्तानि भएको अवधिको स्थानिय भत्ता रु १४१५६।०० तथा आन्तरीक आम्दानी दाखीला नगरेको रु ९०२८२ समेत रु १०४४३८।०० असुली भई दाखिला भएको छ । | |
| ३ | | | **वित्तीय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ४ | | | वित्थडचिर गाउपालिका<br>आयव्यय विवरण<br>२०७८।७९ | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | 18009577.64 | 20421427.64 | १ | चालु खर्च | 279209277.7 | 279209277.7 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) धरौटी गत बर्षको | 1451315 | | २ | पूँजीगत खर्च | 109289490.1 | 109289490.1 |
| | ख कर्मचारी कल्याण कोष | 960535 | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | 64231682.49 | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | 2132634 | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | 60962481.79 | | | ग) अन्य भुक्तानी | | |
| | ग) प्रदेश राजश्व | 1136566.7 | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | 332299000 | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | 107500000 | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | 198499000 | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | 13700000 | | ५ | धरौटी फिर्ता | 541513 | 541513 |
| | घ) विशेष अनुदान | 12600000 | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | 17859000 | ७ | कोष फिर्ता | | |
| | क) वित्तिय समानीकरण अनुदान | 7655000 | | ८ | मौज्दात | | 20365877.23 |
| | ख) सशर्त अनुदान | 1504000 | | | क) बैंक मौज्दात | 16678729.46 | |
| | ग) समपुरक अनुदान | 3700000 | | | ख)धरौटी मौज्दात | 1480393.1 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | 5000000 | | | ग. कर्मचारी कल्याण कोष | 2000000 | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | घ लैगिक हिंसा निवारण कोष | 46140 | |
| ६ | अन्य | | | | ङ विविध खर्च खाता मौज्दात | 117891.83 | |
| | | | | | च प्रकोप व्यवस्थापन कोष मौज्दात | 42722.84 | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | 9 | शशर्त अनुदान फिर्ता | 27135447 | 27135447 |
| | ख) सडक बोर्ड नेपाल | | | 1० | प्रकोप व्यवस्थापन कोष खाता | 6357277.16 | 6357277.16 |
| 7 | कार्य संचालन कोष | | 11824246 | | विविध खर्च खाता | 5391670 | 5391670 |
| | क प्रकोप व्यवस्थापन कोष खाता | 6400000 | | 1१ | लैगिक हिंसा निवारण कोष | 53860 | 53860 |
| | ख विविध खर्च खाता | 5424246 | | | | | |
| ८ | लैङ्गिक हिसा निवारण कोष | 100000 | 100000 | | | | |
| ९० | धरौटी आय यस आ.व.को | 570591 | 570591 | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | भवन पूर्वाधार बिकास कार्यक्रम | 6000000 | 6000000 | १२ | भवन पूर्वाधार बिकास कार्यक्रम | 6000000 | 6000000 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | सामाजिक सुरक्षा | 91394066 | 91394066 | १३ | सामाजिक सुरक्षा | 91394066 | 91394066 |
| १४ | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | | | १४ | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | | |
| १५ | स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम | | | १५ | स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम | | |
| १6 | कर्मचारी कल्याण कोष | 1039465 | 1039465 | | | | |
| | जम्मा | 545739478.1 | 545739478.1 | | जम्मा | 545739478.1 | 545739478.1 |

५

**बैक हिसाब मिलान विवरण** -स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरी पालिकाले पेश गरेको छ ।पालिकाले रिभर्स भौचर लगायतवाट समयमै बैक हिसाव मिलान गरेको जनाएको छ ।

| खाताको नाम | श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी |
|---|---|---|
| सञ्चित कोष | 9916.64 | 9916.64 |
| चालु खाता | 9631533.59 | 9631533.59 |
| पूँजीगत खाता | 5880618 | 5880618 |
| वाडफाट बाट प्राप्त राजश्व | 104027.23 | 104027.23 |
| आन्तरिक राजश्व खाता | 1052634 | 1052634 |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>धरौटी खाता</td><td>1480393.1</td><td>1480393.1</td></tr><tr><td>लैगिक हिंसा निवारण कोष</td><td>46140</td><td>46140</td></tr><tr><td>विविध खर्च खाता-यूनिसेफ</td><td>117891.83</td><td>117891.83</td></tr><tr><td>कल्याण कोष खाता</td><td>2000000</td><td>2000000</td></tr><tr><td>प्रकोप व्य कोष खाता</td><td>42722.84</td><td>42722.84</td></tr></table> | |
| ६ | | | **एकीकृत आर्थिक संकेतः** सरकारको आम्दानी, खर्च र सम्पत्ती तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरि एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएको मा गाउँपालीकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः गाउँपालीकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | |
| ७ | | | **आन्तरीक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालीकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74 2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।<br>• विजुली महसुल समयमै नतिर्दा जरिवाना समेत थप खर्च भएको ।<br>• अनुगमन मुल्यांकन शिर्षकमा गरेको खर्चको भ्रमण प्रतिवेदन पेश भएको छैन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **आन्तरिक लेखापरीक्षण शाखाः** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । यस वर्ष पालिकाले आर्थिक वर्षको समाप्तिपछी कोष तथा लेखा नियन्त्रक कार्यालयवाट आन्तरीक लेखापरिक्षण भएको छ । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आफ्नै आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ९ | | | **स्वीकृत लेखा ढाँचाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित ढाँचामा प्रतिवेदन तयारी तथा लेखाङ्कन गरेको नपाईएकोले गाउँपालीकाले आय तथा व्ययको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लेखा ढाँचामा राख्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १० | | | **बजेट व्यवस्थापन** | |
| १०.१ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा गाउँपालिका उपाध्यक्षले २०७८/०३/१० गते रु.५४ करोड ६० लाख को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।५।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १०.२ | | | **अबण्डा बजेट**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड ८० लाख १० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७८।९।२७ को निर्णयबाट चालुतर्फ शीर्षकमा रु. १ करोड र पुजीगतर्फ शीर्षकमा रु. ८० लाख १० हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी गाउसभा हिउदे अधिवेशनवाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ। | |
| १०.३ | | | **भुक्तानी वाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली 2077 को नियम 39 (2) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायीत्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम 39(13) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको 7 दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालीकाले यो वर्ष मष्टा ईन्जिनियरिङ्ग प्रा लि लाई चिल्ड्रेन पार्कको डि पि आर निर्माण वापत उल्लेख गरी गो भौ नं१३७।११।१३ वाट गत वर्षको भुक्तानी वाँकी रहेको भनि रु.१४९७२५०।०० भूक्तानी खर्च लेखेकोमा भुक्तानी वाँकीको अभिलेख तयार गरेको पाईएन । पालीकाले अघिल्लो वर्षको भुक्तानी गर्नुपर्ने रकमको भुक्तानी वाँकीको विस्तृत विवरण तथा फाँटवारी तयार गरी भुक्तानी विवरण नियमानुसार प्रमाणित गराएर मात्र अघिल्लो वर्षको दायीत्वको भुक्तानी दिने व्यवस्था हुनु पर्दछ । बजेटले नखाम्ने गरी दायित्व सिर्जना गर्नेलाई कुनै कारवाहि गरेको छैन । भुक्तानी हुन वाँकिको कच्चावारी भरी यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| १०.४ | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**– पूँजी सिर्जना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीयतहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुनेगरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहायअनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट आर्थिक सहायता भनी विभिन्न व्यक्तिहरुलाइ रु. ९४०००० भुक्तानी दिएको पाईयो । यसरी पूजिगत वजेटवाट चालु प्रकृतिका खर्च नगर्ने तथा यस किसिमको खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| १०.५ | | | **आन्तरिक आय र प्रशासनिक खर्चको अनुपातः** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु. २१३२६३४।०० देखिन्छ भने प्रशासनिक (चालु) खर्च रु.५३९६२११० रहेको छ । यसरी आन्तरिक आय र प्रशासनिक (चालु) खर्च वीचको अनुपात अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा २५ गुना वढी रहेको छ । साथै गाउँपालिकाको यो वर्षको कुल जम्मा खर्च रु५२५३७३६००।९० रहेकोले उक्त खर्च आन्तरिक आयको २४६ गुणा बढी रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ । सोही वमोजिम गाउँपालिकाले संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ । यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दे सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ. । | |
| १०.६ | | | **खर्च बिश्लेषण** पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु २१३२६३४।०० राजस्व बाँडफाँड र अनुदानबाट रु४१२२५७०४८।७० समेत गरी रु४१४३८९६८२।०० आम्दानी भएकोमा चालु तर्फ रु२७९२०९२७७।६८ र पूँजिगत तर्फ रु १०९२८९४९०।०६ गरी रु ३८८४९८७६७।७४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।५५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.६९६४७५३।०० खर्च भएको छ जुन आन्तरिक आयको ३।२७ गुणा रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७ प्रतिशत चालु र २६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ११ | | | **कानून र सञ्चालन स्थिति** | |
| ११.१ | | | **कानून र सञ्चालन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको मा यस पालिकाले हालसम्म १६ वटा ऐन, १८ वटा नियमावली, ८ वटा कार्यविधि लगायत ४२ वटा अन्य कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |
| ११.२ | | | **कार्य संचालन कार्यविधिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड | |

| | | | | |
|---|---|---|---|---|
| | | | बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई कार्यक्रम संचालन गर्दै आएको छ । कार्य पालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । केहि उदाहरण निम्न छन् ।<br><table><tr><td>क स</td><td>कार्यक्रमको नाम</td><td>रकम</td></tr><tr><td>१</td><td>जनतासंग अध्यक्ष कार्यक्रम</td><td>३०००००</td></tr><tr><td>२</td><td>गर्भवति तथा सुत्केरी संग उपाध्यक्ष कोशेली कार्यक्रम</td><td>४०००००</td></tr><tr><td>३</td><td>जनतासँग उपाध्यक्ष कार्यक्रम</td><td>२०००००</td></tr></table> | |
| १२ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १२.१ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाधल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः स्थानीय सरकार सञ्चागलन ऐन, २०७४ को दफा ९७, मा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| १२.२ | | | **सम्पत्ति लेखांकनः** गाउँपालीका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । विगतका सरकारी कार्यालय साविक गाउँपालिकामा समायोजन भै आएका भौतिक सम्पत्तिहरु गाउँपालीकाको एकिकृत जिन्सी खातामा अभिलेख राखेको छैन जसले गर्दा गाउँपालीकाको यथार्थ सम्पत्तीको अवश्था मुल्याङ्कन गर्न सकिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ . | |
| १२.३ | | | **घरजग्गाको लगतः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम बमोजिम प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा | |

| | | | | |
|---|---|---|---|---|
| | | | राख्नुपर्दछ । त्यस्तो घर जग्गा आफ्नो नाऊँमा वा जिल्ला प्रशासन कार्यालय वा अन्य कुनै कार्यालयको नाऊँमा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त भएको छ वा छैन बुझ्नु पर्नेछ र त्यसरी बुझ्दा दर्ता र जग्गाधनी प्रमाण पूर्जा तयार नभए कानून बमोजिम कार्यालयको नाऊँमा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले सो सम्वन्धि विवरण समेत उपलव्ध नगराएकोले विष्लेषण गर्न सकिएन ।कार्यालयले गाउँपालीकाको नाऊँमा रहेको तथा प्राप्त सवै जग्गाको जग्गाधनी पूर्जा बनाउनु पर्दछ भने गाउँपालिकाको संरक्षक रहेका नेपाल सरकारको जग्गाको व्यवस्थित अभिलेख राखी व्यक्तिको नाममा नामसारी तथा अतिक्रमण हुनु नदिने तर्फ गाउँपालीका जिम्मेवार हुनु पर्दछ । | |
| १२.४ | | | **निरीक्षण तथा परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खरिद गरेका ल्यापटप, कम्प्युटर, प्रिन्टर, मोवाइल जस्ता मालसामान तथा सवारी साधनको निरीक्षण तथा परीक्षण गरेको पाइएन । स्पेशिफिकेसन बमोजिम समान प्राप्त गर्न सामानको निरीक्षण तथा परीक्षण गराउनु पर्छ । | |
| १३ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| १३.१ | | | **आर्थिक सहायता—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रकमान्तर वाहेक मात्र रु.१०३६५००।०० आर्थिक सहायता वितरण गरेको पाइयो।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १३.२ | | | **खाना तथा विविध खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ रु.२३१३३७७.०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १३.३ | | | **मन्दिर निर्माण तथा मर्मतः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ४१ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. ८४२९०००।०० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक क्रियाकलापमा कूल पालिकाको पुँजिगत बजेटको ६.३५ प्रतिशत खर्च भएको देखियो । यसमा मितव्ययिता अपनाउनुपर्दछ । | |
| १४ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** | |
| १४.१ | | | **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्ष भरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण | |

<table>
<tr><td></td><td></td><td></td><td>(सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइयो ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td rowspan="3">संघीय सरकार</td><td>शसर्त</td><td>188503094</td><td>173543948</td><td>14959146</td><td></td></tr>
<tr><td>विषेश</td><td>12600000</td><td>12599859</td><td>141</td><td></td></tr>
<tr><td>समपुरक</td><td>13700000</td><td>4221264</td><td>9478736</td><td></td></tr>
<tr><td rowspan="3">प्रदेश सरकार</td><td>शसर्त</td><td>1504000</td><td>1503346</td><td>654</td><td></td></tr>
<tr><td>विषेश</td><td>5000000</td><td>5000000</td><td>0</td><td></td></tr>
<tr><td>समपुरक</td><td>3700000</td><td>1003230</td><td>2696770</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>समपुरक अनुदान : संघ तथ प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७७ को दफा ६ अनुसार समपुरक अनुदानवाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत समपुरक अनुदान प्रदान गर्ने उल्लेख छ । पालिकाले यो वर्ष संघ तथा प्रदेश सरकारबाट ५०/५० को मिश्रित अनुपातमा कार्यान्वयन हुने गरि निम्नानुसारमा अनुदानको रुपमा प्राप्त भई खर्च गरेकोमा पालिकाले व्यहोर्नुपर्ने अंश समावेश गरेको देखिएन । तसर्थ खर्च भएको सो रकमको ५० प्रतिशतले हुने अंश रू २६१२२४७।०० कटाई बाकी रकम संघ तथा प्रदेश संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने र
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>५० प्रतिशतले हुने रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>समपुरक</td><td>13700000</td><td>4221264</td><td>2110632</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>समपुरक</td><td>3700000</td><td>1003230</td><td>501615</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>2612247</td></tr>
</table>
प्रदेश तथा संघिय सञ्चित कोषमा दाखीला गर्नुपर्नेमा आ व २०७८।७९ मा प्रदेश तथा संघको समपुरकको रकम मात्र खर्च गरिएको र बहुवर्षे योजना वनाई खर्च गरिएकोमा आ व २०७९।८० मा समेत सो काम वरावरको रकम पालिकावाट व्यहोरिने गरी वजेट छुटयाएकोले आ व २०७९।८० मा समपुरक अन्तर्गत मिश्रीत वाँकि ५० प्रतिशत काम गराउने पालिकाले जनाएको छ ।</td><td>२,६१२,२४७</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १४.३ | | | **नाफामूलक संस्थालाई अनुदान —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष पनि गत वर्षको भुक्तानीमा नाफामूलक संस्था वित्थडचिर बहुउद्देश्यिय सहकारी संस्थाको लागि कार्यालय व्यवस्थापनका लागि रु.५00000.00 अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| १४.४ | | | **अनुदानको अनुगमन—** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले विभिन्न १३ वटा कृषि र पशु फर्मलाई अनुदानमा रु. २६१५०००।०० खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा आंशिक अनुगमन भएको तथा सो बाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान ग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १५ | | | **बजेट तथा कार्यक्रम** | |
| १५.१ | | | **चौमासिक खर्च -** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ (९) बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३५ (१) बमोजिम चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक वर्षको अन्तिममा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

रु हजारमा

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | १०९४१८ | ० | ४२७१३ | ६६७०५ | ३५७०७ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रतिशत | १०० | ० | ४० | ६० | ३२ |

१५.२ **मध्यकालीन खर्च संरचनाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। गाउँपालीकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ। (क) प्रस्तावित योजनाको उद्देश्य, (ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई, (ग) प्रस्तावित योजना कार्यन्वयन हुनसक्ने आर्थिक वर्ष र त्यस पछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, (घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, (ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण, (च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्च को रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता, (छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण ।

१५.३ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 34708064 | 32551935 | 7.36 |
| पूर्वाधार विकास क्षेत्र | 73738245 | 53442050 | 12.9 |
| सामाजिक क्षेत्र | 252089332 | 240678358.8 | 54.48 |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 5910000 | 5501450 | 1.24 |
| अन्य कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 75307149 | 56453801.88 | 17.04 |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्रमा ५४ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन खर्च १.२४ प्रतिशत खर्च भएको छ। मध्यमकालिन खर्च संरचना तयार गरी दिगो

| | | | | |
|---|---|---|---|---|
| | | | विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ । | |
| १५.४ | | | **बर्षान्तमा रकमान्तर:**स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार गाउँपालिकाले सभावाट स्वीकृत बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ।तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकीएको कार्यक्रम सञ्चालन गर्नु पर्नेमा यस गाउंपालिकाले २०७७ आषाढमा आर्थिक वर्ष ०७८।७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस गाउंपालिकाको मिति २०७८ पौषको गाउसभाको को निर्णयवाट विभिन्न २६ योजनाको रु ६३३८००० रकमान्तर गरी खर्च गरेको देखियो ।यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नगर्न शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको छ । यस्तो खर्च गर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ । उपरोक्त बमोजिम बर्षान्तमा रकमान्तर गरी खर्च लेख्न सहज हुने र कार्यक्रम खर्च रकम अन्य भत्ता तथा गाडी भाडा भुक्तानीमा रकमान्तर गरी भुक्तानी खर्च लेखेको देखिन्छ ।सो सम्वन्धमा गाउंपालिकाको ध्यानाकर्षण हुनु पर्ने देखियो । | |
| १५.५ | | | **बार्षिक प्रतिबेदन:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ३५ बमोजिम प्रत्येक कार्यालयले आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र बार्षिक प्रतिबेदन तयार गरी मन्त्रालय, विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने ब्यबस्था रहेकोमा बार्षिक प्रतिबेदन तयार गरेको छैन । नियमको पालना गरी बार्षिक प्रतिबेदन तयार गर्नुपर्दछ । | |
| १६ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १६.१ | | | **कर्मचारी करार—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करार बाट लिईने कर्मचारी को दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १४ पदमा ६७ जना कर्मचारीहरु करारमा राखी रु.१४०१५९०३।३१ खर्च लेखेको छ। पालिकाले पेश गरेको विवरणअनुसार विभिन्न २६ जना दरवन्दि वाहिरका करारका कर्मचारी राखि रु ८९८३५००।०० खर्च लेखेको अनियमित देखिएको रु | ८,९८३,५०० |
| १६.२ | | | **कल्याणकोष —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा गत वर्षको छुट रु१४०००० समेत समेत रु.११४००००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझैं कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ । | |
| १७ | | | | |

<table>
<tr><td></td><td></td><td></td><td>न्यायीक समिति —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको २ गरी कुल ३ विवाद दर्ता भएकोमा यो आ व मा १ फछ्र्यौट भई २ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>धरौटी<br><br>पालिकाले देहाय बमोजिमका निर्माण व्यवसायीको नामको धरौटी फिर्ता गर्दा कर चुक्ता प्रमाण पत्रका आधारमा फिर्ता गरेको छ । यस्तो धरौटी रकम फिर्ता गर्दा सम्बन्धित निर्माण कार्यको मुल्य अभिवृद्धि कर समायोजन पत्र पेश नभएकोले मुल्य अभिवृद्धि कर समायोजन पेश हुनुपर्ने रु
<table>
<tr><td>भौ नं</td><td>मिति</td><td>निर्माण व्यवसायी</td><td>फिर्ता रकम</td></tr>
<tr><td>२</td><td>11/1/2078</td><td>आयुष निर्माण सेवा</td><td>1,02,846</td></tr>
<tr><td>३</td><td>12/24/2078</td><td>विवेक हिमाल निर्माण सेवा</td><td>1,02,846</td></tr>
<tr><td>१४</td><td>3/19/2079</td><td>भुमिराज कन्स्ट्रक्सन</td><td>2,52,819/-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>728511</td></tr>
</table>
</td><td>४५८,५११</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>खरिद योजना तथा इकाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष बार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको कुनै योजना नहुँदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा विधी विपरित हुन गएको, खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी खरिद इकाई गठन गरेको भएता पनी सो एकाईलाई प्रमावकारी रुपमा कार्यान्वयनमा ल्याएको पाईएन । खरिद इकाई गठन नहुँदा सोझै खरिद जस्ता विभिन्न खरिद कार्यको कमि कमजोरी हटाउने तथा मालसामान, खरिद तथा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ । तसर्थ व्यवस्थित खरिद कार्यको लागि खरिद इकाईलाई प्रभावकारी वनाउन कार्यालयले ध्यान दिनु पर्दछ । | |
| २० | | | **करारका कर्मचारीलाई महगी भत्ता**<br><br>**महँगी भत्ता** नेपाल सरकार अर्थ मन्त्रालयलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प सं २०७७।७८ च नं १०३ मिति २०७८।३।२४ को पत्रबाट नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महगी भत्ता उपलब्ध गराउने सम्बन्धी ब्यहोराका सम्बन्धमा कानुनमा यस किसिमको ब्यबस्था नभएकोले महगी भत्ता उपलब्ध गरउन नसकिने निर्णय गरी मिति २०७९।१।२१ मा जानकारी गरएको देखिन्छ । त्यसैगरी स्थानीय तहमा कार्यरत करारका कर्मचारीहरुलाई महँगी भत्ता उपलब्ध गराउन मिल्ने कानूनी ब्यबस्था देखिदैन । तर पालिकाले देहाय बमोजिमका करारमा कार्यरत कर्मचारीहरुलाई करार सम्झौता गर्दा मासिक रुपमा महँगी भत्ता समेत पाउने उल्लेख गरी मासिक रुपमा महँगी भत्ता उपलब्ध गराएको छ । यसरी कानूनमा यस्तो सुविधा पाउने प्रावधान नभएको अवस्थामा सम्झौतामा राखी भत्ता दिन मिल्ने नदेखिएको रु<br><br>क्र सं / कर्मचारीको नाम र पद / महँगी भत्ता रु<br>१ / सु.प्र.अ. श्री नरेश बहादुर महरा / २४०००<br>२ / ई. श्री सन्देश भण्डारी / २४०००<br>३ / स. ई. श्री किरण भण्डारी / २४०००<br>४ / स. ई. श्री गोकर्ण वम / २४०००<br> / जम्मा / ९६००० | ९६,००० |
| २१ | | | **पदाधिकारी सुविधा** | |
| २१.१ | | | **स्थानीय तहका पदाधिकारी सुविधा** :नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पदाधिकारीलाई यस वर्ष पालिकाबाट रु६९६४७५३।०० सुविधा वापत भुक्तानी भएको छ । | |

| | | | | |
|---|---|---|---|---|
| २१.२ | | | **कार्यवाहक बडाध्यक्षको सुविधा**<br>स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धि ऐन २०७७ मा कुनै वडा सदस्यलाई कार्यवाहक वडाध्यक्ष नियुक्त गरी थप सेवा सुविधा दिने व्यवस्था गरेको छैन । पालिकाले वडा नं ३ का वडा सदस्य गणेशबहादुर वोहरालाई कार्यवाहक वडाध्यक्ष वापत मासिक रु २२५०० का दरले पारिश्रमिक भुक्तानी गरेकोमा सदस्यको हैसियतले पाउने रु ८००० कट्टि गरी मासिक १४५०० ले हुने ५ महिना १० दिनको जम्मा रु ७३३३३।३३ दिन मिल्ने आधार नदेखिएको रकम असुल गर्नुपर्ने रु | ७३,३३३ |
| २२ | | | **अनुत्पादक खर्च—** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले गाउँपालिकामा सञ्चालन हुने मेला जात्रा व्यवस्थापनमा रु ५१५०००।०० खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २३ | १६४ | २०७८-९-२० | **बाल विवाह न्यूनीकरण अभियानः** भौ नं १६४।९।२० सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) अनुसार सार्वजनिक निकायले एकलाख रुपयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तिमा तीनवटा आपूर्ति कर्ताबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरि खरिद गर्ने व्यवस्था छ ।पालिकाले बालविवाह न्यूनीकरण अभियानका लागि विभिन्न सडक नाटक लगायतका कार्य गर्न एक मात्र जयपृथ्वि एफ एम को प्रस्तावका आधारमा रु ४ लाखको सम्झौता गरि काम गराए वाफत रु ३९९८७०/- भुक्तानी गरेको छ । नियममा भएको व्यवस्थाको पालना नगरी विना प्रतिस्पर्धा कार्य गराउनु नियम सम्मत नदेखिएकोले यस्ता कार्य गराउँदा नियमको परिपालना गर्नु पर्ने देखिएको रु . | ३९९,८७० |
| २४ | | | **प्राविधिक मुल्यांकन** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (११) मा उपभोक्ता वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न भएपछी स्विकृत ड्रईङ्ग डिजाईन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कामको जाँचपास गराई प्राविधिक कर्मचारीवाट कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकावाट भएका निम्नानुसारका काममा उपभोक्ता विल तथा कार्यसम्पन्न प्रतिवेदनमा खुद भएको कामको परिमाण खुल्ने विवरण समावेश नगरी निर्माणको काममा प्रयोग भएका मालसामानको परिमाण र ज्यालागत भुक्तानीको विवरण समावेश गरी लागत अनुमान, नापि किताव तथा सोहिअनुसारमा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । पालिकाले निर्माण कार्यमा कामको यथार्थ लागत अनुमान तथा सम्झौता अनुसारको कामको विवरण खुल्ने गरी नापि किताव र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । | |

| गो भौ नं | कामको नाम | कार्यसम्पन्नमा उल्लेख रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| २८।१०।१६ | चिरकट्टे पाथिहल्ला मुहान मर्मत् योजना | ११०५४१।२० | ९६००० | गा पा पूजिगत |

| | | | | |
|---|---|---|---|---|
| २९।१०।१७ | पत्थरखानि खा पा मुहान मर्मत योजना | ५४४९८।०० | ४७४६३ | |
| ३१।१०।१७ | पंग्रेट आरसिसि पुल निर्माण योजना | २७४२४३ | २३९७५८ | |
| ३३।१०।१८ | दल्लाड घट्ट नहर निर्माण समिति | २३२०६८।५२ | १९१२८७ | |
| ३६।१०।१८ | भैसि गौड खानेपानि मुहान संरक्षण योजना | १६४८१६ | १४४००० | |
| ८६।११।८ | लाटा देवता मन्दिर निर्माण | १७५२१४ | १४४००० | |
| ४२।१०।१८ | खुलमौर पाताल खानेपानि मर्मत | १६४१६३ | १४४००० | |
| ४३।१०।१९ | मगराउ पानि मुहान संरक्षण समिति | १६४५९६ | १४३६२५ | |
| ४४।१०।१९ | गारहल्ला सिचाई पोखरी निर्माण | १६५९५४ | १४३४१० | |
| ५०।११।०१ | नुवाघर खानेपानि मर्मत योजना | १६४६६८ | १४४००० | |
| ६९।११।२ | खाडिखाना गोरेटो वाटो निर्माण | २५८३८६ | १९१३७२ | |
| ९७।११।८ | छडा डमरु खानेपानि वडा नं३ | १७०६९७ | १४३२४८ | |
| १०१।११।९ | ढुगेलि खानेपानि निर्माण उ स | १६११५९।५९ | १४३४८९ | |
| १५७।११।२६ | केदार मा वि भवन तथा फिल्ड निर्माण | ४९९७४२ | ४३१८२३ | |
| १६५।११।२६ | पोहरल मन्दिर निर्माण उ स | ५६३५२९ | ४८०००० | |

| | | | | |
|---|---|---|---|---|
| १७२।११।३० | गौणेवाघ मन्दिर निर्माण योजना | २४६३१८ | २१४४०० | |
| १८३।१२।१ | पोखरी भुमेश्वर आ वि खानेपानि निर्माण | २१७३०७ | १९२००० | |
| २२७।१२।२४ | डुम्राकोट धामिगाउ ग्रामिण सडक | २१९५०१ | १८९९२० | |
| २०३।१२।९ | पोखरी न्वाला निर्माण | २२०५४२ | १८८४८७ | |
| २५५।१२।२८ | भवानि देवता र पिचास मन्दिर उ स | २६४२६२ | २४९६०० | |
| ६०।३।१२ | रत्न आ वि भवन निर्माण | ४५९६८५८ | ४०३२००० | सशर्त पूजिगत |
| ७०।३।२४ | बालजिवन आ वि भवन निर्माण | ४५५१९११ | ४०३२००० | |
| ७३।३।२५ | केदार मा वि २ कोठे भवन पे फ | १४७३६२४ | ५९४००० | |
| ७५।३।२५ | महादेव मा वि ४ कोठे भवन | १७६३७१६ | ११८८००० | |
| ८।१।२५ | न्यु कालिका मन्दिर निर्माण | ५३६४२० | ४७८४७१ | प्रदेश |

| | | | | |
|---|---|---|---|---|
| २५ | | | **प्राविधिक विल** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको कतिपय ठेक्का विलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्यांकनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । यसरी काम गर्ने क्रममा लागत अनुमान भन्दा वास्तविक काममा केहि न केहि मात्रामा कम अथवा बढि हुने नै गर्दछ । तसर्थ लागत अनुमान वरावर नै मूल्यांकन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्वन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले उपभोक्ता समितिको विल वनाउँदा नापजाँच गरी वास्तविक कार्यसम्पादनका आधारमा बनाउनु पर्दछ । | |

<table>
<tr><td>२६</td><td></td><td></td><td>योजना र कार्यान्वयन—स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>योजना संख्या</td></tr>
<tr><td>१</td><td>रु १ लाखभन्दा कमको योजना</td><td>९८</td></tr>
<tr><td>२</td><td>रु एक लाख देखि पाँच लाख सम्मका योजना</td><td>९६</td></tr>
<tr><td>३</td><td>रु ५ लाखदेखि १० लाख सम्मका योजना</td><td>१५</td></tr>
<tr><td>४</td><td>दश लाख देखि ५० लाख सम्मका योजना</td><td>८</td></tr>
<tr><td>५</td><td>५० लाख बढीका योजना</td><td>४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२२१</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td>६२</td><td>२०७९-३-१९</td><td>पेश्की जमानत सुनकुडा धारी डोवा सडक निर्माणको लागि लागत अनुमान रु२३४०२७५४।४३ तयार गरी ठेक्का वन्दोवस्त गरेकोमा स्वार कन्स्ट्रक्सनसँग मिति २०७९।३।१९ मा भ्याट समेत रु २१३१७७८८।६२ को सम्झौता भएको छ । निर्माण व्यवसायिलाई पेश्की वापत रु ४००००००।०० भुक्तानि गरेकोमा मिति 2022.12.17 सम्म म्याद भएको अग्रिम पेश्कि जमानत रु ३५८९०००।०० पेश गरेको पाईयो । पेश्की भुक्तानि गर्दा नियममा उल्लेख भएअनुसार पेश गर्नुपर्ने अग्रिम पेश्कि जमानत भन्दा रु ४११०००।०० घटी पेश भएकोले नपुग अग्रिम पेश्कि जमानत थप गर्नुपर्ने देखिएको रु</td><td>४११,०००</td></tr>
<tr><td>२८</td><td>७७</td><td>२०७९-३-२५</td><td>बढी भुक्तानी ७७।३।२५ सुनकुडा मा वि को प्रथम रनिङ्ग विल भुक्तानीमा item no 4 steel reinforcement को वास्तविक दर विश्लेषण तथा वि ओ क्यु मा उल्लेख भएको दर रु १२०।४४ अनुसार भुक्तानी हुनुपर्नेमा रु १३८।५० को दरमा भुक्तानी भएको हुँदा ७७७९ के जि को जम्मा रु १४०४८८।७४ बढी भुक्तानी भएकोले सम्वन्धित वाट असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>१४०,४८९</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>बढि भुक्तानी सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२३ मा रनिङ्ग विल वा अन्य कुनै विलको भुक्तानी गर्दा प्राविधिक मुल्यांकन अनुसार भुक्तानि गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका योजनामा भुक्तानी गर्दा वास्तविक दर विश्लेषण अनुसार</td><td>३४०,०४७</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | तयार गरेको दरमा हुनुपर्नेमा सो भन्दा बढी दरले निम्नानुसारको काममा रु३४००४६।०० बढी भुक्तानी गरेको छ । बढी भुक्तानी रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु | |

| गो भौ न | निर्माण कार्य/उपभोक्ता समिति | बढि भुक्तानि भएको आईटम | परीमाण | भुक्तानी दर | दर विश्लेषण अनुसारको दर | बढी भुक्तानि रु |
|---|---|---|---|---|---|---|
| ९६।११।८ | पाडाखोला खेलमैदान निर्माण | earthwork | १७८।९ cum | १२७२ | ६५९।२० | १०९६२९ |
| ३२७।३।३ | शिव भवानि सडक निर्माण | earthwork in ordinary\BMS | १४५ | १२७२ | ६५९।२० | ८८८५६ |
| २२९.१२.२४ | वसैल सार्वजनिक फिल्ड निर्माण वडा नं ५ | earthwork in ordinary\BMS | १५० cum | १२७२ | ६५९।२० | ९१९२० |
| १५६.११.२६ | परिभ्वा सडक मर्मत | earthwork in ordinary soil | २३७।४५ | ४८० | ४०० | १८९९६ |
| १३३.११.१३ | मेल्टा टोल गोरेटो वाटो निर्माण | stone soling work | ८।८२ | ५५९९ | २७९८ | २४७०५ |
| ७२।११।२ | शिव भवानि ग्रामीण सडक फुट ट्रेल ५ भैनेपानि | stone soling work | १४।४ | ३१६२ | २७५० | ५९४० |
| | | | | | जम्मा | ३४००४६ |

| | | | | |
|---|---|---|---|---|
| ३० | २३० | २०७८-१२-२४ | रिठापाटा सिचाई पोखरी निर्माणको लागी रु२१६२११।४९ को कार्यसम्पन्न भएकोमा गा पा वाट रु१७२८०० भुक्तानी भएको छ । आईटम नं ५ मा उल्लेखीत pipe line and exavation को लागि निम्नानुसारमा वास्तविक खर्च भएको पाईप भन्दा बढी परिमाणमा भुक्तानी भएको असुल गरी दाखीला गर्नुपर्ने रु | ४७,००० |

| पाईपको प्रकार | पाईपको परिमाण मिटरमा | तौल प्रतिमिटर, kg | भुक्तानी हुनुपर्ने जम्मा तौल, के जि | भुक्तानी भएको परिमाण के जि मा | भुक्तानी भएको दर प्रति के जि (२७२को १३ % vat + transportation) | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>pn 10, 32 mm dia HDPE 6 kg\cm2</td><td>50</td><td>0.226</td><td>11.3</td><td>50</td><td>322.77</td><td>12491</td></tr>
<tr><td>pn 10, 40 mm dia HDPE 10 kg\cm2</td><td>220</td><td>0.514</td><td>113.08</td><td>220</td><td>322.77</td><td>34510</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>Total</td><td>47001</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td>२१</td><td>२०७९-३-२५</td><td>बढी दरमा भुक्तानी २१।३।२५ धारी सामुदायिक भवनको पेश्की फछ्यौंट् रु ८२५००० समेत रु २४००००० भुक्तानि गरेकोमा ordinary soil\BMS earthwork exavation को लागि वास्तविक दर विश्लेषण अनुसार रु १२३६ का दरमा भुक्तानी गर्नुपर्नेमा रु १२७२ प्रति घ मि को दरमा भुक्तानी भएकोले ४९५-१६ घ मि को जम्मा रु १७८२५।७६ बढी भुक्तानी भएको हुँदा बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु</td><td>१७,८२६</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>परिमाण बढी देखाएको: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई यथार्थ नाँपजाँच हुंदा कायम भएको परिमाणको आधारमा मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । नियमको उक्त व्यवस्था अनुसार यस पालिकाले विभिन्न सडक योजनाहरुको निर्माण व्यवसायि वा उपभोक्ता समितिलाई भुक्तानी दिंदा सडकको प्रत्येक चेनेजमा भएको कामको नापिको आधारमा भुक्तानी गर्नुपर्नेमा सो वमोजिम नगरी निम्न सडक योजनाहरुको भुक्तानी दिंदा वास्तविक कार्यको परीमाण भन्दा बढी परीमाण उल्लेख गरी भुक्तानी गरेको देखिएकोले सो सम्वन्धमा सम्वन्धित प्राविधिकलाई समेत जिम्मेवार वनाई देहायबमोजिमको बढी भुक्तानी असुल हुनु पर्ने देखिएको रु
<table>
<tr><th>गो.भौ.र मिति</th><th>योजनाको नाम</th><th>उल्लेख भएको परिमाण घ मि</th><th>हुनु पर्ने परिमाण घ मि</th><th>बढी देखाएको परिमाण घ मि</th><th>भुक्तानी भएको दर भ्याट समेत</th><th>असुल हुनु पर्ने रकम</th><th>कैफियत</th></tr>
<tr><td rowspan="3">८५।११।८</td><td>ठेक्का नं ३।०७७।७८</td><td rowspan="3">२४८३२।४६</td><td rowspan="3">२३९७१।१५</td><td rowspan="3">८६१</td><td rowspan="3">३३।९</td><td rowspan="3">२९१८७।९०</td><td rowspan="3">चेनेज ७+१८०</td></tr>
<tr><td>सनकुडा घारी डोवा सडक-१</td></tr>
<tr><td>भुमिराज कन्स्ट्रक्सन</td></tr>
</table>
</td><td>२९,१८८</td></tr>
</table>

<table>
<tr>
<td>३३</td>
<td></td>
<td></td>
<td>विल भरपाई पेश नभएको सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहितको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिका देहायवमोजिमका कार्य सम्पन्न भएको भनि भुक्तानि गरेकोमा तोकिएवमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको रु
<table>
<tr><th>गो भौ नं</th><th>योजना</th><th>कार्यसम्पन्न रकम</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>८२।११।८</td><td>रुमधुम मन्दिर निर्माण उ स</td><td>१२३८३०</td><td>९६०००</td><td rowspan="5">कार्यसम्पन्न प्रतिवेदन पेश नभएको</td></tr>
<tr><td>१०८।११।१०</td><td>विचघर खानेपानि मुहान संरक्षण समिति</td><td>१११२७१</td><td>९६०००</td></tr>
<tr><td>११७।११।११</td><td>जुनेपानि कोलिम खानेपानिनिर्माण</td><td>३२०६५८</td><td>२८८०००</td></tr>
<tr><td>१३४।११।१३</td><td>धारटोल खानेपानि निर्माण योजना</td><td>३४४०५९</td><td>२८००००</td></tr>
<tr><td>२४६।१२।१५</td><td>डाडाटोल गोरेटो वाटो निर्माण उ स</td><td>३५८४६७</td><td>२८८०००</td></tr>
<tr><td>१९५।१२।९</td><td>तल्लो परिवन खानेपानि निर्माण योजना</td><td>२२१४९०</td><td>१९१९६५</td><td>नापि किताव पेश नभएको</td></tr>
<tr><td>२१।९।२०</td><td>कालिका वालज्योति आ वि को भवन निर्माण</td><td>१०५६०००</td><td>८३७२१२</td><td>नापि किताव पेश नभएको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२०७७१७७</td><td></td></tr>
</table>
</td>
<td>२,०७७,१७७</td>
</tr>
<tr>
<td>३४</td>
<td></td>
<td></td>
<td>उपभोक्ता समिति दर्ता सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले गत बर्ष विभिन्न १२२ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ५१२०३७८४ भुक्तानी गरेको जनाएकोमा यस वर्ष मात्र २१६ योजनाको रु ५४१२४०००।०० भुक्तानी भएको छ । यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन।त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन नहुने र कार्यसम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्यसम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>३५</td><td>२४८</td><td>२०७८-१२-२७</td><td>पेश भए भन्दा बढि पेश्की फछ्र्यौट् -सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ११३ (५) मा खरिद सम्झौतामा उल्लेख भएअनुसार प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकवाट पेश्की कट्टी गर्नुपर्ने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ (१०) मा सरकारी रकमको खर्च लेख्नु अगाडी विल भरपाईको रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले वित्थड पर्यटकिय पार्क निर्माणको लागि ठेक्का सम्झौता भएको जागृत निर्माण सेवाले रु ५३५०८६९।८० को विल पेश भएकोमा पेश्की खर्च कट्टि रु ५०४३८७।२६ जनाई विलको जोड जम्मा गरी भुक्तानी गरेकोमा सो गोश्वारा भौचरवाट रु ६०००००।०० को पेश्की फछ्र्यौट् गरेको छ । यसरी पेश भए भन्दा रु ९५६१२।७४ वढीको पेश्की फछ्र्यौट् भएकोले बढी रकम सम्वन्धित ठेकेदारवाट असुल गर्नुपर्ने रु</td><td>९५,६१३</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>सीमा नघाई सोझै खरिद -सार्वजनिक ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट रु पाँच लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नानुसारको खरिदमा नियमावलिमा भएको व्यवस्थाको पालना नगरी सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>भौनं</th><th>मिति</th><th>खरिद विवरण</th><th>आपुर्तक</th><th>जम्मा भुक्तानी</th></tr>
<tr><td>१५३</td><td>२०७८।०९।१९</td><td>विभिन्नसामान खरिद</td><td>न्यूकालिका सप्लायर्स बझाङ</td><td>४६६०००</td></tr>
<tr><td>१५६</td><td>२०७८।०९।१९</td><td>मसलन्द तथाकार्यालय सामान</td><td>न्यूकालिका सप्लायर्स बझाङ</td><td>१२७५८६</td></tr>
<tr><td>१८२</td><td>२०७८।१०।१४</td><td>मसलन्द तथाकार्यालय सामान</td><td>न्यूकालिका सप्लायर्स बझाङ</td><td>५०८१३८</td></tr>
<tr><td>२७४</td><td>२०७८।११।०८</td><td>विभिन्नसामान खरिद</td><td>न्यूकालिका सप्लायर्स बझाङ</td><td>५८५०२६</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१६८६७५०</td></tr>
</table></td><td>१,६८६,७५०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३७ | | | **पूर्वनिर्धारित क्षतिपूर्ति** -ठेक्का नं ३।०७७।७८ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको कारणले खरिद सम्झौता वमोजिमको काम तोकिएको समयमा सम्पन्न गर्न नसकेमा कार्यालयले संझौता रकमको बढीमा १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने व्यवस्था छ । साथै ठेक्का सम्झौतामा कावु वाहिरको परिस्थिति सिर्जना भएमा वा ठेक्काको विल अफ क्वान्टिटी मा उल्लेख भए भन्दा वढि परिमाण वा आइटमको काम गर्नु पर्ने अवस्था सिर्जना भएको अवस्थामा वाहेक म्याद थप नहुने र उक्त ठेक्काको निर्माण कार्य तोकीएको म्यादमा सम्पन्न हुन नसकेमा नियमावली र ठेक्का सम्झौता वमोजिम पूर्व निर्धारित क्षतिपूर्ति आकर्षित हुने अवस्था देखिन्छ । यसरी अवधि थप गर्दा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकीएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नवढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने र यसरी पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित निर्माण व्यवसायी र खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायीत्व वाट मूक्त हुन नसक्ने व्यवस्था छ । यस पालिकाको सुनकुडा रैकोसि धारी डोवा सडक खण्ड १ र वाग्थाला धारी डोवा सडक खण्ड २ को बहुवर्षिय कार्यक्रमको लागि निर्माण व्यवसायी भुमिराज कन्स्ट्रक्सन सँग मिति २०७८।३।८ मा मिति २०७८।१०।२८ भित्र सम्पन्न गर्ने गरी रु ११७५८४९४।११ को सम्झौता भएको छ । निर्माण व्यवसायिले तोकिएको समयमा सडक निर्माण कार्य सम्पन्न गर्न नसकेपछी मिति २०७८।११।३ को कार्यपालिकाको निर्णयअनुसार २०७८ चैत्र मसान्त सम्म २ महिना म्याद थप भएको प्रमाण पेश भएको छ । पहिलो पटक थप भएको अवधि सम्म पनि काम सम्पन्न भएको पाईएन । निर्माण व्यवसायिले पुन म्याद थपको लागि मिति २०७९।२।०० मा निवेदन दिएकोमा पालिकामा मिति २०७९।३।१४ मा निवेदन दर्ता भएको छ । लेखापरीक्षण अवधि २०७९।५।०५ सम्म म्याद थपको लागि कुनै कारवाहि भएको पाईएन । ऐन तथा नियमावलीको उपरोक्त प्रावधान बमोजिम सम्झौता रकम रु.११७५८४९४।११ को ०.०५ प्रतिशतले हुने दैनिक रु.५८७९।२५ ले २०७९ आषाढ मसान्त सम्मको जम्मा ९४ दिनको हुने रु.५५२६४९।५० पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखीएको रु. ५५२६४९।५० | ५५२,६५० |
| ३८ | | | **मुल्य अभिवृद्धी कर** -मुल्य अभिवृद्धी कर नियमावली २०५३ को नियम ६ग मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वमित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत वस्तु वा सेवा आपूर्ति गरी सो वापतको रकम आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास।तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भक्तानी गर्नुपर्ने व्यबस्था छ । कार्यालयले देहाय बमोजिमका आपुर्तकलाई बिभिन्न सामाग्री उपलब्ध गराए बापत खरिद सम्झौता अनुसारको रकम भुक्तानी गर्दा ३० प्रतिशत मुल्य अभिवृद्धी कर कट्टी नगरी पुरै भुक्तानी गरेको हुँदा मुल्य अभिवृद्धी कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु | २७६,९७५ |

| भौनं | मिति | खरिदविवरण | भुक्तानीपाउने | जम्मा भुक्तानी | 30% मु अ कर |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ८७ | २०७८।०८।१५ | मसलन्द तथाकार्यालय सामान | दुर्गाजनरल स्टोर एण्ड अर्डर सप्लायर्स | १२१०७९ | ४१७८ |
| | २०७८।०९।०६ | वार्षिकयोजना पुस्तिका छपाइ | उरै सुर्मास्टेस्नरी अर्डर सप्लायर्स | १९८८८० | ६८६४ |
| १५३ | २०७८।०९।१९ | विभिन्नसामान खरिद | न्यूकालिका सप्लायर्स बझाङ | ४६६००० | १६४२८ |
| १५६ | २०७८।०९।१९ | मसलन्द तथाकार्यालय सामान | न्यूकालिका सप्लायर्स बझाङ | १२७५८६ | ४४०३ |
| १८२ | २०७८।१०।१४ | मसलन्द तथाकार्यालय सामान | न्यूकालिका सप्लायर्स बझाङ | ५०८१३८ | १७५३७ |
| २७४ | २०७८।११।०८ | विभिन्नसामान खरिद | न्यूकालिका सप्लायर्स बझाङ | ५८५०२६ | २०१९१ |
| ४०४ | २०७८।१२।१० | सूचनाप्रकाशन | कैलासन्यूज सेटर एण्ड एडभरटाइजमेण्ट डिसेट्रीव्युटर्स | १६९०४८ | ५८३५ |
| ४७७ | २०७८।१२।२८ | औसधी खरिद | लोकहितमेडिसिन सप्लायर्स धनगढी | ४३६४७२ | १२६४३ |
| ४८१ | २०७८।१२।२९ | सप्टवयरसम्बन्धी | ग्लोवलस्पेस इन्फोटेक प्रालि कैलाली | ४९८८९५ | १७२१८ |
| ० | २०७८।१२।३० | सप्टवयरसम्बन्धी | फस्टलिङ्कप्रालि काठमाण्डौ | ४९६०७० | १७१२१ |
| ५०१ | २०७९।०१।०७ | फर्निचरखरिद | निर्जला फर्निचर उद्योग प्रालि धनगढी | ४५०५९८ | १५५५२ |
| ५४३ | २०७९।०२।०९ | मसलन्द तथाकार्यालय सामान | दुर्गाजनरल स्टोर एण्ड अर्डर सप्लायर्स | १९२४९५ | ६६४४ |
| ६३० | २०७९।०३।१६ | सि सि टिभि सम्बन्धी | ग्लोवलस्पेस इन्फोटेट प्रालि कैलाली | ४९४९४० | १७०४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६८८ | २०७९।०३।२४ | भिडियोडकुमेन्ट्रि | जनचेतना सञ्चार मिडियाहाउस | १४९९८० | ५१७६ |
| ७०३ | २०७९।०३।२४ | भिडियोडकुमेन्ट्रि | राज भिजनप्रालि | १९९००० | ६८६८ |
| ७२१ | २०७९।०३।२५ | स्थानीय पाठ्यक्रम छपाइ | कैलपाल प्रिन्टिङ प्रेस | १४९६१२ | ५१६४ |
| गा पा पुजिगत | १३०।११।१२ | विभिन्न सामान | विशेष अटोमोवाईल्स धनगढी | २९९५०० | १०८२० |
| | ३२६।३।३ | विभिन्न सामान | कैलास न्युज सेन्टर एण्ड एडभर्टाईजिङ्ग | १९११४० | ६५९७ |
| सशर्त पूजिगत | ४६।१।७ | विभिन्न सामान | सुर्योदय सोलार एण्ड ट्रेडर्स | ४९३५०० | १३६४७ |
| | ४७।१।७ | विभिन्न सामान | शारदा विजनेस हाउस | ४५६५०० | १०२३३ |
| | ६१।३।१३ | विभिन्न सामान | नेपाल न्युज नेटवर्क | १६१३६४ | ५५७० |
| | ६३।३।१९ | विभिन्न सामान | उग्रतारा टेक्निकल गुड्स सप्लायर्स | ११५००० | ३९६९ |
| सशर्त चालु | २८।७।१५ | विभिन्न सामान | प्रिमियम मेडिसिन | ४९९००० | २०९९ |
| | १६५।१२।२८ | विभिन्न सामान | प्रिमियम मेडिसिन | १७१७७६ | ५१५३ |
| | १८१।१।७ | विभिन्न सामान | प्रज्ञान दृष्टि एजुकेशन | ४८०००० | १६५६६ |
| | ६५।९।२१ | विभिन्न सामान | वालाजि सप्लायर्स | १७९८६६ | ६२१५ |
| | १४२ | विभिन्न सामान | वेलकोट ट्रेडर्स | ४९९४५० | १७२३८ |
| जम्मा | | | | | २७६९७१।०० |

<table>
<tr><td>३९</td><td>७८</td><td></td><td>कर दाखिला<br>आयकर ऐन २०५८ को ८७ र ८९ मा अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले नमुना विद्यालय भवन निर्माणका लागि सुनकुडा मा वि लाई रु २४००००० भुक्तानी भएकोमा नियमानुसार लाग्ने निम्नानुसारका कर कट्टी नभएकोले सम्वन्धितवाट असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>काम</td><td>काम गर्ने व्यक्ति वा संस्था</td><td>भुक्तानी रकम</td><td>कर रकम</td></tr>
<tr><td>ढुवानि भरपाई</td><td>भरत मल्ल</td><td>३००००</td><td>३०००</td></tr>
<tr><td>स्काभेटर भाडा भरपाई</td><td>नरेश</td><td>८७१०००</td><td>८७१००</td></tr>
<tr><td>सरिया ढुवानि भरपाई</td><td>संकर जढवा</td><td>५९५००</td><td>५९५०</td></tr>
<tr><td>वालुवा ढुवानि भरपाई</td><td>प्रकाश वि क</td><td>५६१००</td><td>५६१०</td></tr>
<tr><td>डोर हाजिर</td><td>विभिन्न</td><td>५४००००</td><td>५४००</td></tr>
<tr><td>विभिन्न खरिद</td><td>चण्डेश्वरी एजेन्सि प्रा लि</td><td>९२४९१४।२१</td><td>१३८७३।७१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१२०९३३।७१</td></tr>
</table></td><td>१२०,९३४</td></tr>
<tr><td>४०</td><td>१९७</td><td>२०७९-१-२१</td><td>लघु उद्यम विकास कार्यक्रम<br><br>सिलाइ मेसिनः भौ नं १९७।२०७९।१।२१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले लघु उद्यम विकास कार्यक्रम अन्तरगत सिलाइ कटाइ तालिमका लागि रु २५३०१२/- का २३ थान सिलाइ मेसिन खरिद गरि २३ जनालाई सिलाई तालिम संचालन गरेको र तालिम पश्चात उक्त सिलाइ मेसिन तालिम लिएका व्यक्तिलाई नै दिएको जनाएको छ तर उक्त मेसिन वितरणको भरपाइ एवं तालिम लिएका व्यक्तिलाई दिने निर्णय पेश नभएको हुँदा निर्णय तथा भरपाई पेश हुनुपर्ने रु</td><td>२५३,०१२</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम—स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एव सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा गोरेटो, घोरेटो र पखाल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २६९ जनालाई रोजगारी उपलव्ध गराई रु. १५१३२९७९।०० खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जनाभएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । यस कामका लागि तलवमा मात्र रु ११२०७१०।०० खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>शिक्षातर्फ</td><td></td></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति- स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी १५९ मध्ये ४ करारमा रहेको विवरण पेश गरेको छ । जसमध्ये ७५०७ विद्यार्थि संख्या रहेको जनाएको छ ।</td><td></td></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>बढी निकासाः विद्यालयका शिक्षकहरुको तलब निकासा गर्दा विद्यालय किताब खानाबाट स्वीकृत तलबी प्रतिवेदनका आधारमा माग फारम अनुसार निकासा गर्नु पर्दछ ।देहायका शिक्षकहरुको शिक्षक किताबखानाबाट पारित भएको ग्रेड भन्दा बढि ग्रेड निकास भएको हुँदा उक्त रकम असुल हुनुपर्ने रु.५८१५७
<table>
<tr><td>सिन</td><td></td><td>शिक्षककोनाम</td><td>बढिनिकासा क स कोष समेत</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>सुनकुडामावि सुनकुडा</td><td>मदन बम (मावि द्वितीय)</td><td>१५२६०</td><td>प्राविधिक २ ग्रेड पारित नभएकोमा प्रथम चौमासिकमा निकासा भएको</td></tr>
<tr><td>२</td><td>महादेव मावि लिम</td><td>जयबहादुर बोहरा (प्रावि द्वितीय)</td><td>१४२९९</td><td>७ ग्रेड पारित भएकोमा ८ ग्रेड को तीनवटै चौमासिकमानिकासा भएको</td></tr>
<tr><td>३</td><td>देवेश्वरी मावि देउलेख</td><td>विजयराज जोशी (प्राविद्वितीय)</td><td>१४२९९</td><td>७ ग्रेड पारित भएकोमा ८ ग्रेड को तीनवटै चौमासिकमानिकासा भएको</td></tr>
<tr><td>४</td><td>भगवती माविपोखरी</td><td>सिद्धराजजोशी (प्रावि द्वितीय)</td><td>१४२९९</td><td>७ ग्रेड पारित भएकोमा ८ ग्रेड को तीनवटै चौमासिकमानिकासा भएको</td></tr>
</table></td><td>५८,१५७</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>५८१५७</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>४२.३</td><td>३९६</td><td>२०७९-२-२५</td><td>आंशिक शिक्षक अध्यापन<br>पुजिगत तर्फ ३९६।२।२५ श्री सुनकुडा मा वि सुनकुडा चिर वझाङ्ग मा आंशिक शिक्षक अध्यापन वापतको लागि विभिन्न ११ जना शिक्षकलाई फरक फरक दरमा रु ५००००० भुक्तानी गरेको छ । प्रधानध्यापक धनवहादुर विष्टलाई प्रधानाध्यापक भत्ता भुक्तानी भएको अवस्थामा पनि आंशिक शिक्षक वापतको रकम रु ४३४६०।०० भुक्तानी भएको छ । सम्झौता वेगर यस प्रकारको भुक्तानी दर तथा रकम भुक्तानी लिन मिल्ने आधार नदेखीएकोले आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>५००,०००</td></tr>
<tr><td>४२.४</td><td>३३६</td><td>२०७९-३-२४</td><td>भौ नं ३३६/२०७९।०३।२४ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तरगत देहाय बमोजिमका विद्यालयहरुलाई अनुदान दिएकोमा प्राप्त अनुदान रकमबाट विद्यालयहरुले कार्यक्रम कार्यान्वयन पुस्तिका एवं विभागको स्पेसिफिकेसन बमोजिम प्रयोगशाला स्थापना भए नभएको सम्बन्धमा अनुगमन प्रतिवेदन पेश नभएको हुदा अनुगमन प्रतिवेदन तथा खरिद कागजात पेश हुनु पर्ने रु.<table><tr><td>सिनं</td><td>विद्यालयकोनाम</td><td>विवरण</td><td>अनुदान रकम</td><td>कैफियत</td></tr><tr><td>१</td><td>भगवती मावि पोखरी</td><td>ICT Lab सञ्चालन तथा व्यवस्थापन अनुदान</td><td>६५००००</td><td>खरिद विल तथा अनुगमन प्रतिवेदन नभएको</td></tr></table></td><td>६५०,०००</td></tr>
<tr><td>४२.५</td><td></td><td></td><td>नगदै अनुदान सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि. २०७६ को दफा ३ (४) मा अर्थ मन्त्रालयबाट प्राप्त भएको बजेटलाई स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कसँग भिडाइ अनुसुचि १ मा उल्लेख गरे वमोजिम को गुणस्तरको सेनिटरी प्याड प्रचलित कानुनवमोजिम खरिद गर्नुपर्ने तथा दफा ५(२) बमोजिम विद्यालयलाई उपलव्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले सो वमोजिम सेनिटरी प्याड खरिद नगरी विद्यार्थी संख्याका आधारमा विद्यालयको खातामा रु ११,६१,३०० नगदै निकासा गरेको नियमसम्मत नदेखिएको रु</td><td>१,१६१,३००</td></tr>
<tr><td>४२.६</td><td>४२</td><td>२०७८-१२-२४</td><td>सशर्त पुँजिगत सुनकुडा मावि नमुना विद्यालयको भवन निर्माणको लागी पालिकाले कन्टिन्जेन्सि समेत रु १२८७३८३४।३१ को लागत अनुमान तयार गरेको छ । आईटम वाईज लागत अनुमान तयार गर्दा निम्नानुसारका आईटममा वास्तविक लाग्ने एकाई दर भन्दा बढी एकाई दर हुने गरी विश्लेषण गरेको छ । यसरी वास्तविक दर विश्लेषण भन्दा वढी दर कायम गरी लागत अनुमान तयार गरेकोले निम्नानुसारको रकम रु३८७९००।०० थप व्ययभार पर्ने देखिएकोले लागत अनुमान यथार्थपरक देखिएन ।<table><tr><td>आईटम</td><td>दर विश्लेषण अनुसारको वास्तविक दर</td><td>भुक्तानी दर</td><td>बढि दर</td><td>परिमाण</td><td>बढि व्ययभार</td></tr></table></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| item no 13 | labour | 346.59 | 45.21 | 733.77 | 33173.75 |
| colour painting work | skill 5.8@1050=6090 | | | | |
| | unskill 5.8@800=4640 | | | | |
| | material | | | | |
| | primer 8@442=3536 | | | | |
| | approve colour weather coat 16@992=15872 | | | | |
| | per 100 m2=30138 | | | | |
| | per 10 m2=301.38 | | | | |
| item no 6 | labour | 138.5 | 18.06 | 18534.4 | 334731.26 |
| steel reinforcement | skill 12@1050=12600 | | | | |
| | unskill 12@800=9600 | | | | |
| | material | | | | |
| | reinforcement 1.050@92499=97123 | | | | |
| | binding wire 10@111.5=1115 | | | | |
| | per 100 m2=120438.94 | | | | |
| | per 10 m2=120.44 | | | | |
| item no 12 | labour | 208.84 | 27.25 | 733.77 | 19995.23 |
| one coat enamel primer painting work | skill 10@1050=10500 | | | | |
| | unskill 5@800=4000 | | | | |
| | material | | | | |
| | chopra power 2@739.96=1479.92 | | | | |
| | spirit 10@218=2180 | | | | |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>per 100 m2=18159.92</td><td rowspan="2"></td><td rowspan="2"></td><td rowspan="2"></td><td rowspan="2"></td></tr><tr><td></td><td>per 1 m2=181.59</td></tr><tr><td></td><td>Total</td><td></td><td></td><td></td><td>387900.24</td></tr></table></td><td></td></tr>
<tr><td>४२.७</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्विकृत दरवन्दिका शिक्षकको तलव सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । वित्तिय समानिकरण अनुदानको रकमवाट विद्यालयलाई शिक्षकको तलव भत्ताको लागी अनुदान दिन मिल्ने व्यवस्था देखिदैन । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखिनै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु १६७३३०००।०० तलब भत्ता भुक्तानी गरेको नियमसंमत नदेखिएको रु</td><td>१६,७३३,०००</td></tr>
<tr><td>४२.८</td><td></td><td></td><td>सेनिटरी प्याडः सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन कार्यक्रमबाट रु४९९४६० का ५२००० गोटा प्याड खरिद गरी वेदकुट ट्रेडर्स एण्ड सप्लायर्स कञ्चनपुरलाई भुक्तानि गरेको छ । खरिद गरेका सेनिटरी प्याडहरु विभिन्न विद्यालयलाई वितरण गरेको भनिएपनि सम्बन्धित विद्यालयहरुले बुझेको भर्पाइ पेश नभएकोले विद्यार्थी संख्याका आधारमा विद्यालयहरुलाई बुझाएको भर्पाइ पेश हुनु पर्ने रु.</td><td>४९९,४६०</td></tr>
<tr><td>४२.९</td><td></td><td></td><td>पाठ्य पुस्तकमा बढी निकासाः विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा गर्दा विद्यार्थी संख्या अनुसार तोकिएको दरमा निकासा गर्नु पर्ने व्यवस्था छ ।केदार मावि बित्थडलाई विद्यालयबाट पठाइएको रेकर्ड भन्दा बढि हुनेगरी कक्षा ८ मा ३ जना, कक्षा ९ मा २ जना र कक्षा १० मा २० जना गरि २५ जनाको जम्मा रु १३७७६/- बढी निकासा भएको हुँदा उक्त रकम असुल हुनु पर्ने रु</td><td>१३,७७६</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>स्वास्थ्य कार्यक्रम</td><td></td></tr>
<tr><td>४३.१</td><td></td><td></td><td>पारिश्रमिक करः आयकर ऐन,२०५८ को दफा ८७ मा प्राकृतिक व्यक्तिको आयमा पारिश्रमिक कर लाग्ने व्यवस्था छ । निम्न कर्मचारीको वार्षिक आयमा घटी पारिश्रमिक करकट्टी गरेको हुँदा नपुग भएको पारिश्रमिक कर असुल गरि दाखिला गर्नु पर्ने रु<table><tr><td>सिनं</td><td>पदाधिकारी/कर्मचारी</td><td>वार्षिक आय</td><td>छुटरकम</td><td>करयोग्यआय</td><td>लाग्नेकर</td><td>तिरेको कर</td><td>नपुगकर</td></tr><tr><td>१</td><td>मे अ डा इश्वर बलामी</td><td>1490132</td><td>195200</td><td>1294932</td><td>232480</td><td>139805</td><td>92675</td></tr></table></td><td>९२,६७५</td></tr>
<tr><td>४३.२</td><td></td><td></td><td>कोभिड १९ को महामारीवाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ६(६) मा लाभग्राहिको अन्तिम सुचि स्विकृत भएको तिन दिनभित्र लाभग्राहि निवेदकको वैंक खातामा रकम जम्मा हुनेगरी स्थानिय तहहरुले प्रतिपरिवार दश</td><td></td></tr>
</table>

हजार रुपैयाँका दरले नगद हस्तान्तरण गर्ने उल्लेख छ । तर पालिकाले कोभीड प्रभावित समुदायका लागि ४७१ जनाको लागि जम्मा ४७१०००० बजेट प्राप्त भएकोमा वडा सचिव मार्फत् पेश्कि भुक्तानि गरी नगदै कोभिड प्रभावित व्यक्तिलाई भुक्तानी भएको छ । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

४३.३ औषधी खरिद — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले खुला कोटेशनको माध्यमवाट सोझै खरिद गरेको छ । केहि उदाहरण निम्न छन् । यस्तो खरिद कार्य गर्दा प्रतिष्पर्धात्मक विधि अवलम्वन गर्नुपर्दछ ।

| गो भौ नं | आपुर्तक | रकम |
|---|---|---|
| २८।७।१५ | प्रिमियम मेडिसिन सप्लायर्स | ४९९००० |
| ६६।९।२१ | भाईटल मेडी डिस्टिव्युटर्स | ४८६४८९ |
| ३५।७।१५ | यशोधा फामेसि | ४९९००० |
| ४७७।१२।२८ | लोकहित मेडसिन सप्लायर्स | ४३६४७२ |
| ६५।९।२१ | वालाजि सर्जिकल सप्लायर्स | १७९८९६ |
| १६५।१२।२८ | प्रिमियम मेडिसिन सप्लायर्स | १९४८१३ |
| २१५।३।२ | वालाजि सर्जिकल सप्लायर्स | ११४७५१ |
| | | २४१०४२१ |

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४३.४ | | | आ व २०७८।७९ को अषाढ मसान्तसम्म कोभिड—१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण अनुसार जम्मा रु २९७१०३।०० खर्च भएको विवरण पेश हुन आएको छ । | |
| ४४ | | | | |
| ४४.१ | ३६ | २०७९-३-२४ | **बिल भर्पाइः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । मिति २०७८ असोज ३० देखि कार्तिक ३ सम्म परेको अविरल वर्षाका कारण पैरा आधारभूत स्वास्थ्य केन्द्रको भवन चर्किन गइ क्षेति भएकोले मर्मत संभारका लागि केन्द्रका इन्चार्ज श्री कृष्ण बहादुर बोहरालाई रु 29,500/-भुक्तानी गरेको भर्पाइका आधारमा वडा नं ३ कार्यालयको नामको पेश्की फछ्यौंट गरेको छ । उक्त भवन मर्मत गरेको बिल भर्पाइ लेखापरीक्षणमा पेश नभएको हुँदा प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु | २९,५०० |
| ४४.२ | | | **गर्भवती महिलालाई सामाग्री वितरणः** पालिकाले देहाय बमोजिमका कार्यक्रमको विभिन्न गर्भवती महिलाहरुको लागि समान खरिद गरि वितरण गरेको भरपाई संलग्न गरेको छ । तर लाभग्राही महिलाहरु गर्भवती भएको पुष्ट्याँइ हुने स्वास्थ्य संस्थामा जाँच गराएको कागजात वा स्वास्थ्य संस्थाको सिफारिस संलग्न नगरेको हुँदा कार्यक्रम अनुसार वास्तविक महिलाले सामान पाए नपाएको एकिन नहुने भएकोले यस्तो भुक्तानी गर्दा एथेष्ट प्रमाण संलग्न गर्नु पर्दछ । | |

| मिति | कार्यक्रमको नाम | सेवा /सामानप्राप्त गर्ने गर्भवती संख्या | प्राप्त सामान | जम्मा खर्च |
|---|---|---|---|---|

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td rowspan="2">२०७८।१२।२३</td><td>गर्भवतीमहिलासँग उपाध्यक्ष</td><td rowspan="2">३५०</td><td>हर्लिक्स,चना,</td><td rowspan="2">४०००००</td></tr>
<tr><td>कोसेली कार्यक्रम</td><td>स्याउ, अण्डा र झोला</td></tr>
<tr><td rowspan="2">२०७८।१२।२९</td><td>गर्भवतीमहिलालाई अण्डा तथा</td><td rowspan="2">२७५</td><td>८हप्ते कुखुराको</td><td rowspan="2">५०००००</td></tr>
<tr><td>कुखुरा वितरण कार्यक्रम</td><td>चल्ला प्रतिव्यक्ति ४</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४५</td>
<td></td>
<td></td>
<td>कृषि कार्यक्रम</td>
<td></td>
</tr>
<tr>
<td>४५.१</td>
<td></td>
<td></td>
<td>
संघीय ससर्त( चालु) :<br>
कार्य सम्पन्न प्रतिवेदनः पालिकाले स्वीकृत कार्यक्रम अनुसार सञ्चालन भएका कार्यक्रमहरुको रकम भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए बमोजिम गर्नु पर्दछ । देहाय बमोजिमका कार्यक्रमको भुक्तानी गर्दा सम्झौताको बुँदा नं ७ मा उल्लेख भए बमोजिम दोस्रो पक्षले प्रथम पक्षलाई आवश्यक कागजात पेश गरिसकेपछि प्रथम पक्षले स्थलगत निरीक्षण गरी तयार गरेको कार्य सम्पन्न प्रतिवेदनका आधारमा दोस्रो पक्षको बैङ्क खाता मार्फत भुक्तानी दिने उल्लेख भएकोमा कार्य सम्पन्न प्रतिवेदन तयार नगरि भुक्तानी गरेकोले कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु.
<table>
<tr><th>भौनं</th><th>मिति</th><th>कार्यक्रम</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१०१</td><td>२०७८।१२।२२</td><td>आलुबाली साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम</td><td>श्री लेकाली कृषक समूह</td><td>६,००,०००</td></tr>
<tr><td rowspan="2">१५३</td><td rowspan="2">२०७८।१२।२४</td><td>आलुबाली साना व्यावसायिक कृषि</td><td rowspan="2">श्री आलु पकेट सञ्चालन समिति</td><td rowspan="2">६,००,०००</td></tr>
<tr><td>उत्पादन केन्द्र (पकेट)विकासकार्यक्रम</td></tr>
<tr><td>१६२</td><td>२०७८।१२।२८</td><td>आव २०७७।०७८ मा स्थापना भएका कृषिउत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम</td><td>श्री मौभेरा तरकारी पकेट संचालन समिति</td><td>४०००००</td></tr>
</table>
</td>
<td>२,०००,०००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६३</td><td>२०७८।१२।२९</td><td>आव २०७७।०७८ मा स्थापना भएका कृषिउत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम</td><td>श्री मडमल्चिर तरकारी पकेट सञ्चालन समिति</td><td>४०००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२००००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५.२</td><td></td><td></td><td>मौज्दात रकम पोषण सुधारका लागि विपन्न समुदायका महिला समुह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आय आर्जन सुधार गर्न अनुदान कार्यक्रमको खर्च नभइ बाँकी रहेको रु २४१००० पालिकाको स्थानिय सञ्चित कोषमा वाँकि रहेको छ । उक्त रकम संघीय ससर्त तर्फको रकम भएकोले सम्बन्धित संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु</td><td>२४१,०००</td></tr>
<tr><td>४५.३</td><td>३४४</td><td>२०७८-९-२४</td><td>३४४/२०७९।०३।२४ : पशुपंक्षि तथा मत्स्य प्रवर्धन कार्यक्रम अन्तर्गत ऊन मिसन तथा च्याङ्ग्रा प्रवर्धन कार्यका लागि पशुसेवा शिविर सञ्चालन तथा औषधी वितरण गर्न ना.पा.स्वा.प्रा नरिलाल जोशीलाई विभिन्न औषधी, डिपिङ्ग ट्याङ्क तथा ढुवानी समेतका बिल संलग्न गरि रु ३२००००/- भुक्तानी भएको छ । उक्त शिविर कहिले सञ्चालन भएको हो र खरिद सामग्री क कसलाई वितरण भएको हो सो को पुस्ट्याइ गर्ने प्रमाण संलग्न नभएको रु .</td><td>३२०,०००</td></tr>
<tr><td>४५.४</td><td></td><td></td><td>कार्यक्रम सञ्चालन नगरेको पोषण सुधारका लागि विपन्न समुदायका महिला समुह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आय आर्जन सुधार अनुदान कार्यक्रम संचालन गर्नका लागि पोषण संयोजक मानबहादुर बोहराले मिति २०७८।०८।१५ मा रु ३,५०,००० पेश्कि लिएकोमा आ व को अन्त्य सम्म पनि कार्यक्रम सञ्चालन नगरी किर्ते भरपाइका आधारमा भौ नं ३२०।०७९।३।२२ वाट फछ्र्यौट् गरेको देखियो । यसरी कार्यक्रम नै नगरी पेश्कि फछ्र्यौट गरेको हुँदा आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन २०७६ को दफा २८ बमोजिम १० प्रतिशत जरीवाना सहित असुल हुनुपर्ने रु</td><td>३८५,०००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>कृषि कार्यक्रम तर्फः कृषि सामान खरिद भौ. नं. १७८।२०७८।९।२१ सार्वजनिक ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट रु पाँच लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाको स्वीकृत कार्यक्रम तथा बजेट अनुसार कृषि औजार, विउ वितरण, कृषि सामाग्री १ देखि ९ वडाका लागि रु १८ लाख बजेट ब्यबस्था गरेको छ । पालिकाले न्यू कृषक सेवा केन्द्र मेनरोड, कैलालीबाट तीन पटक गरी रु. ११,५८,०००।०० का प्लाष्टिक टनेल, स्प्रेयर, हजारी, स्प्रीङ्कलर, गार्डेन पाइप लगायतका सामान खरिद गरी ढुवानी तथा लोड अनलोड समेत रु. १२,००,०००।०० खर्च लेखेको छ । खरिद गरिएका सामान विभिन्न कृषकहरुलाई वितरण गरेको भरपाई संलग्न गरेपनि कुन कुन कृषकलाई के के सामान कुन आधारमा वितरण गर्ने भन्ने कुनै निर्णय भएको नदेखिएकोले पाउनुपर्ने बास्तविक कृषकले सामान पाए नपाएको एकिन हुन सकेन । यसरी प्रतिस्पर्धा बेगर सीमा नघाई खरिद गरी विना आधार कृषि सामान वितरण गरेको कार्य नियमसम्मत नदेखिएको रु.</td><td>१,२००,०००</td></tr>
</table>

<table>
<tr><td>४७</td><td></td><td></td><td>विपद व्यवस्थापन तर्फ कार्यपालिकाको मिति २०७८।११।१३को निर्णय अनुसार विभिन्न वडाबाट बाढी पहिरो पिडितहरुका लागि राहत रकम वितरण गर्ने गरि वडालाई निकासा दिएको छ । वडा कार्यालयहरुले सम्बन्धित बाढी पहिरो पिडितको खातामा रकम जम्मा नगरी देहाय बमोजिम नगदै वितरण गरेको देखियो । यस्तो राहत रकम वितरण गर्दा सम्बन्धित व्यक्तिलाई खाता खोल्न लगाइ खातामै रकम जम्मा गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ .
<table>
<tr><th>भौनं</th><th>मिति</th><th>रकम पाउने वडा</th><th>राहत प्राप्त गर्ने संख्या</th><th>जम्मारकम</th></tr>
<tr><td>२३</td><td>२०७८।१२।२४</td><td>८</td><td>१५०</td><td>१५००००</td></tr>
<tr><td>३१</td><td>२०७९।०२।२५</td><td>४</td><td>२२४</td><td>७७८०००</td></tr>
<tr><td>३२</td><td>२०७९।२।२६</td><td>५</td><td>१२२</td><td>३६००००</td></tr>
<tr><td>३३</td><td>२०७९।३।७</td><td>२</td><td>७३</td><td>३६००००</td></tr>
<tr><td>३४</td><td>२०७९।३।८</td><td>९</td><td>२००</td><td>५९१०००</td></tr>
<tr><td>३५</td><td>२०७९।३।८</td><td>१</td><td>१५१</td><td>५१००००</td></tr>
<tr><td>३६</td><td>२०७९।३।२४</td><td>३</td><td>८९</td><td>२५९०००</td></tr>
<tr><td>३७</td><td>२०७९।३।२५</td><td>६</td><td>३७</td><td>३४००००</td></tr>
<tr><td>३९</td><td>२०७९।०३।२९</td><td>७</td><td>३१</td><td>३४२०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०७७</td><td>३६३००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>आन्तरीक आम्दानी</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>राजस्व तर्फ राजस्व दाखिला आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदिको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नु पर्ने व्यवस्था छ ।यदि सो बमोजिम दाखिला नगरेमा १० दिन सम्म ढिलो गरेको भए दाखिला गर्न बाँकि रकम र सो रकमको १०% जरिवाना गरि सो समेत दाखिला गर्न लगाउनु पर्ने व्यवस्था छ ।यस पालिकामा र अन्तरगतका देहायबमोजिमका वडा कार्यालयहरुबाट उठेको राजस्व लेखा परीक्षण अवधी २०७९।०५।०६ सम्म पनि दाखिला नभएकोले सम्बन्धित पदाधिकारी।कर्मचारीलाई जिम्मेवार बनाइ जरिवाना समेत असुल हुनु पर्ने रु.</td><td>६७,६५०</td></tr>
</table>

| सि नं | पालिका/वडा कार्यालय | दाखिला गर्नुपर्ने रकम | जरिवाना सहित जम्मा गर्नु पर्ने रु | दाखीला रकम | दाखिला गर्न बाँकी रकम | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|
| १ | वडा नं १ को कार्यालय | ५६१००/- | ६१७१०/- | ० | ६१७१०/- | वडा सचिव जनक चौधरी रु २२००/- श्री हर्क ब धामी तत्कालीन ६ नं वडा अध्यक्ष रु ५९४००/- |
| २ | वडा नं ७ को कार्यालय | ७५००/- | ८२५०/- | ० | ८२५०/- | वडा सचिव गणेशलाल विक र दिपिका थापा |
| | | | | | ६९९६०।०० | |

४८.२ **रसिद फिर्ता नभएको** वडा न ९ का तत्कालीन वडा अध्यक्ष कलक बहादुर बिष्टले सि नं ७८५१ देखि ७९०० सम्मको रसिद प्याड बुझिलगेकोमा उक्त रसिद हालसम्म पनि फिर्ता भएको छैन । रसिद फिर्ता प्राप्त नभएको हुँदा पालिकाले रसिद बुझ्नेलाई जिम्मेवार बनाइ यथाशिघ्र उठेको राजस्व र सोमा नियमानुसार लाग्ने जरिवाना समेत असुल गर्नु पर्ने देखियो ।

४९ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पति कर र घरजग्गा कर | 800000 | 458028 | 57 |
| सिफारिश दस्तुर | 600000 | 500000 | 83 |
| व्यवसाय कर | 700000 | 450000 | 64 |
| अन्य दस्तुर | 900000 | 724606 | 80 |
| जम्मा | 3000000 | 2132634 | 71 |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझीलिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ५० | | | **अनुगमन प्रतिवेदन** - विशेष अनुदान तथा समपुरक सम्बन्धी कार्यविधि २०७५ मा विशेष र समपुरक अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदनतथा चौमासिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको व्यवस्था अनुसार अनुगमन हुनु पर्दछ । | |

| क स | स्रोत | योजनको नाम | खर्च | गा पा को खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | विशेष अनुदान | रत्न आ वि कुशेना | ४२००००० | ० | ४२००००० |
| २ | विशेष अनुदान | वाल जिवन आ वि नयाधार | ४२००००० | ० | ४२००००० |
| ३ | विशेष अनुदान | कालिका भगवति आ वि मन्दिर घेरावार | ४२००००० | ० | ४२००००० |
| ४ | प्रदेश विशेष अनुदान | पोपनाईन सिचाई कुलो निर्माण वाड नं ६ | २५००००० | ० | २५००००० |
| ५ | प्रदेश विशेष अनुदान | धारी सामुदायिक स्वास्थ्य भवन निर्माण | २५००००० | | २५००००० |
| ६ | समपुरक अनुदान संघ | सुनकुडा धारी सडक | ४०००००० | ०<br>बहुवर्षिय | ४०००००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>प्रदेश सशर्त समपुरक</td><td>देउलेक मल्चिर सडक</td><td>४०००००</td><td>०<br>बहुवर्षिय</td><td>४०००००</td></tr>
<tr><td>८</td><td>प्रदेश सशर्त समपुरक</td><td>रैकोसि वैतडी सडक ९</td><td>३४५०००</td><td>०<br>बहुवर्षिय</td><td>३४५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
प्रशासकिय भवन पूर्वाधार विकास अनुदानः स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०७६ मा गाँउपालिकाको प्रशासकीय भवन बनाउने प्रयोजनको लागि ६० प्रतिशत नेपाल सरकारले र बाकी ४० प्रतिशत स्थानीय तहले व्यहोरिने व्यवस्था छ । पालिकाले यो वर्ष नेपाल सरकारबाट रू. ६० लाख अनुदानको रुपमा प्राप्त गरेकोमा निम्न निर्माण व्यवसायीलाई प्रशासकीय भवन निर्माणको लागि रू. ६० लाख भुक्तानी गरेको छ । यस आ व २०७९।८० मा पालिकाले उक्त भवन निर्माणका लागि स्थानीय तहवाट वजेट व्यवस्था गरेको जनाएको छ ।
<table>
<tr><td>क्र सं</td><td>निर्माण व्यवसायीको नाम</td><td>सम्झौता रकम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>ए एम किनारा जे भि</td><td>५६४२४८५९।०७</td><td>६००००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>
डी पी आर खर्च–बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।
<table>
<tr><td>कार्य विवरण</td><td>परामर्शदाता</td><td>स्वीकृत रकम</td><td>खर्च रकम</td></tr>
<tr><td>बित्थड पर्यटकिय पार्क</td><td>मष्टा ईन्जिनियरिङ्ग कन्सल्टेन्सि</td><td>१५०००००</td><td>१४९७२५०</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्ति बाट यस्तो कार्य गराउनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>
समानिकरण पूँजिगततर्फः सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७(१ क) मा उपभोक्ता समिति मार्फत् निर्माण कार्यको को लागत अनुमान तयार गर्दा मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टन्जेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ । त्यस्तै सोहि नियमको उपनियम ४ मा लागत अनुमानमा समावेश भएको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टन्जेन्सि रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानि दिनुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा पेश भएसम्मका कागजात
</td><td>४१४,६३९.०६</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>परीक्षण गर्दा पालिकाले तपशिल वमोजिमको उपभोक्ता समितिले गरेको निर्माण कार्यमा १५ प्रतिशत ओभरहेड जोडेर लागत अनुमान वनाई भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ न</th><th>निर्माण कार्यको नाम</th><th>उपभोक्ता समिति</th><th>ओभरहेड समावेश आईटम</th><th>कार्यसम्पन्न रकम</th><th>ओभरहेड रकम</th></tr>
<tr><td>३३७।३।९</td><td>देवेश्वरी स्कुल भवन निर्माण</td><td>देवेश्वरी स्कुल भवन निर्माण समिति</td><td>brick masonary work लगायत ११ आईटम</td><td>२८४५५४५।६९</td><td>३१३०४३।५०</td></tr>
<tr><td>९६।११।८</td><td>पाडाखोला खेलमैदान निर्माण</td><td>पाडाखोला खेलमैदान निर्माण उ स</td><td>gabion wire/ earthwork exavation</td><td>३४८१८९।३७</td><td>39421.61</td></tr>
<tr><td>१०६।११।१०</td><td>देउघर मन्दिर निर्माण</td><td>देउघर मन्दिर निर्माण उ स</td><td>boulder stone soiling, pcc र rcc लगायत ७ आईटम</td><td>656764.98</td><td>६२१७४।५६</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td>४१४६३९।६७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>सवारी साधन खरिद — अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकामा दुई पांग्रे सवारी साधन रहेकोमा यस आ व मा मात्रै १ वटा मोटरसाइकल खरिदमा रु. ३१३५०० खर्च गरेको छ । यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>वार्षिक प्रतिवेदन— विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि ४ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>पेश्की बाँकी : आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था छ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु.१६०३३००० पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु
<table>
<tr><th>क स</th><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th><th>म्याद नाघेको</th><th>म्याद ननाघेको</th></tr>
<tr><td>1</td><td>2078।11।30</td><td>नरिलाल जोशी</td><td>40000</td><td>40000</td><td></td></tr>
<tr><td>2</td><td>2078।08।10</td><td>जागृती निर्माणसेवा</td><td>1200000</td><td>1200000</td><td></td></tr>
<tr><td>3</td><td>2078।09।16</td><td>जागृती निर्माण सेवा</td><td>1200000</td><td>1200000</td><td></td></tr>
<tr><td>4</td><td>2079।03।20</td><td>भूमिराज कन्स्ट्रक्सन</td><td>345000</td><td></td><td>345000</td></tr>
<tr><td>5</td><td>2079।03।25</td><td>कैलाश कन्स्ट्रक्सन</td><td>400000</td><td></td><td>400000</td></tr>
<tr><td>6</td><td>2079।03।19</td><td>स्वार कन्स्ट्रक्सन</td><td>4000000</td><td></td><td>4000000</td></tr>
<tr><td>7</td><td>2079।03।25</td><td>केदार माध्यमिक विद्यालय</td><td>1206000</td><td></td><td>1206000</td></tr>
<tr><td>8</td><td>2079।03।25</td><td>महादेव प्राथमिक विद्यालय</td><td>2412000</td><td></td><td>2412000</td></tr>
</table></td><td>२,६७०,०००</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| 9 | 2079।03।25 | सुनकुडा मावि | 5000000 | | 5000000 |
| 10 | 2078.11.01 | गाडेगाडा खुल्मौर तटबन्धन निर्माण उ स | 130000 | 130000 | |
| 11 | 2078।11।09 | शिव अधिकारी | 100000 | 100000 | |
| | | जम्मा | 16033000 | 2670000 | 13363000 |

| | | | | |
|---|---|---|---|---|
| ५९ | | | **सामाजिक सुरक्षा** | |
| ५९.१ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २१ मा अनुसुचि ९ वमोजिम बैक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ९ वटा वडामा जम्मा रु ९२२९१९२३।०० वितरण को लागी निकासा गरेकोमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले तोके अनुसार बैंक मार्फत भूक्तानी नगरी पहिलो चौमासिकमा रु८९७३१८।०० फिर्तासमेत रु २३०२३५८४।०० वडा सचिव मार्फत् नगद वितरण गरेको छ । कार्यविधिमा तोके अनुसार रकम वैक मार्फत् भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ । त्यस्तै नविल वैक वित्थडचिर शाखालाई सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्न रु ६९२६८३३९।०० निकासा दिएकोमा रु ६८७८२२५८।८६ को वितरण गरेको भनि फाँटवारी पेश भएको तथा रु ४८६०८०।१४ मौज्दात् रहेकोमा लाभग्राहिलाई वितरण गर्न वाँकि जनाएको छ । सो फाँटवारी पालिकाको पञ्जिकरण शाखावाट यकिन हुनुपर्दछ । वैक वाँकि रकम वास्तविक लाभग्रहिलाई वितरण गरेको भरपाई तथा प्रमाण पेश हुनुपर्ने रु | ४८६,०८०.१४ |
| ५९.२ | | | **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ५९.३ | | | **लाभग्राहीको नाम नविकरण :**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मासामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत गाँउपालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन। कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ। | |
| ५९.४ | | | **प्रतिवेदन पेश गर्नुपर्ने**: सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २९(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची वनबमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ । गाँउपालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६० | | | बेरुजु संपरीक्षण<br><br>यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७५।७६ | ३९ | बढि भुक्तानि दाखीला देउलेक पाडपाखा ग्रा स | ६५८४४ | | | | ६५८४४ |
| २ | २०७५।७६ | २९ | बढि भुक्तानि दाखीला लिम भौमेरा कुसेना | ५५६४६ | | | | ५५६४६ |
| ३ | २०७५।७६ | ३० | बढि भुक्तानि दाखीला वित्थड खुलमौर | २९९२२ | | | | २९९२२ |
| ४ | २०७६।०७७ | ४९=६ | भ्रमण खर्च भुक्तानी मान व वोहरा | १०५०० | | | | १०५०० |
| ५ | २०७६।०७७ | ५० | बढी भुक्तानी लामातोला सिचाई कुलो | १७४७५२।९३ | | | | १७४७५२ |
| ६ | २०७६।०७७ | १४१ | हरेन्द्र डागा करकट्टि | ४४४४ | | | | ४४४४ |
| ७ | २०७६।०७७ | १५० | कर्ण व धामि भ्रमण भत्ता | ३९४० | | | | ३९४० |
| ८ | ०७७।७८ | ५० | कार्यपत्र वापत सरिता अवस्थि | ७८०० | | | | ७८०० |
| | | | जम्मा | | | | | ३५२८४८ |